# दक्षिणकाली नगरपालिका

दक्षिणकाली नगरपालिका

# नगर राजपत्र

खण्डः ०५ संख्याः ४७ मितिः असार १० गते, २०७८

## भाग-१

## दक्षिणकाली नगरपालिका

### दक्षिणकाली नगरपालिकामा कार्यरत कर्मचारीहरुको समायोजन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७८

**प्रस्तावनाः**

साविक स्थानीय स्वायत्त शासन ऐन, २०५५ र नियमावली, २०५६ बमोजिम नियुक्त भई साविक स्थानिय निकायमा कार्यरत हुँदै हाल दक्षिणकाली नगरपालिकामा कार्यरत रहेका स्थायी कर्मचारीहरुको वढुवा प्रकृया समायोजन गर्नका लागी कर्मचारी समायोजन ऐन, २०७५ को दफा ६ को उपदफा ४, नेपालको संविधान, भाग १८, धारा २२६ को उपधारा (१) तथा स्थानीय सरकार सञ्चालन ऐनको दफा ८६ र स्थानीय सरकार सञ्चालन ऐनको दफा १०२ (१) समेतको अधिनमा रहि एक पटकका लागि दक्षिणकाली नगरपालिकाका कर्मचारीहरुको पद र तह समायोजन सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम **"दक्षिणकाली नगरपालिका कर्मचारी समायोजन ऐन, २०७८"** रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) **"कर्मचारी"** भन्नाले साविक स्थानीय स्वायत्त शासन ऐन, २०५५ र नियमावली, २०५६ नियुक्त भई साविक स्थानीय निकायमा कार्यरत हुँदै हाल दक्षिणकाली नगरपालिकामा कार्यरत रहेका स्थायी कर्मचारीलाई सम्झनु पर्दछ ।

(ख) **"कार्यपालिका"** भन्नाले दक्षिणकाली नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्छ ।

(ग) **"तोकिएको"** वा **"तोकिए वमोजिम"** भन्नाले यस ऐन र नगरपालिकाले समय समयमा निर्णय गरी तोकिएको वा तोकिएका कुरालाई सम्झनु पर्छ ।

(घ) **"नगर सभा"** भन्नाले दक्षिणकाली नगरपालिकाको नगर सभालाई सम्झनु पर्छ ।

(ङ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८४ वमोजिम नियुक्त नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(च) **"नगर सेवा"** भन्नाले दक्षिणकाली नगरपालिकामा रहेका कर्मचारीको सेवा समूहलाई सम्झनु पर्छ ।

(छ) **"नगरपालिका"** भन्नाले दक्षिणकाली नगरपालिकालाई सम्झनु पर्छ ।

(ज) **"स्थानीय कानुन"** भन्नाले दक्षिणकाली नगरपालिकाबाट जारी भएका र हुने कानुनलाई सम्झनु पर्छ ।

३. **नगर सेवाका कर्मचारी समायोजन गर्नेः** (१) साविक स्थानीय निकायमा कार्यरत हुँदै हाल दक्षिणकाली नगरपालिकामा स्थायी कर्मचारी वा अन्य स्थानीय निकायमा नियुक्ति भई नगरपालिका सरुवा, पदस्थापना भएका र यो ऐन जारी हुँदाका बखत नगरपालिकामा कार्यरत नगर सेवाका कर्मचारीहरुको

समायोजनका लागि निम्न बमोजिमको शैक्षिक योग्यता र सेवा अवधिका आधारमा गरिने छ ।

(२) उपदफा (१) बमोजिम नगर सेवाका कर्मचारीहरुको समायोजन देहाय वमोजिम हुनेछः

| **क्र.सं.** | **साविकको तह** | **समायोजन पश्चात कायम हुने तह** | **न्यूनतम सेवा अवधि** | **समायोजनका लागी आवश्यक हुने शैक्षिक योग्यता** | **कैफियत** |
|---|---|---|---|---|---|
| १. | सहायक स्तर तृतिय | सहायक स्तर चौथो | साविक तहमा कम्तिमा छ वर्ष सेवा अवधि पुरा हुनु पर्ने | दश कक्षा उत्तिर्ण | |
| २. | सहायक स्तर चौथो | सहायक स्तर पाँचौ | ऐ.ऐ. | एस.एल.सी. उत्तिर्ण | |
| ३. | सहायक स्तर पाँचौ | अधिकृत स्तर छैठौं | ऐ.ऐ. | प्रविणता प्रमाण पत्र तह उत्तिर्ण | |
| ४. | अधिकृत स्तर छैठौं | अधिकृत स्तर सातौं | ऐ.ऐ. | स्नातक तह उत्तिर्ण | |
| ५. | अधिकृत स्तर सातौं | अधिकृत स्तर आठौं | ऐ.ऐ. | स्नातकोत्तर तह उत्तिर्ण | |

(३) उपदफा (२) बमोजिमको तहमा सम्बन्धित सेवा वा समुह जनाई पदनाम कायम हुनेछ ।

(४) सहायक स्तर पहिलो तहका विभिन्न पदमा कार्यरत कर्मचारीको हकमा हालको स्तरमा एक स्तर वृद्धी हुनेछ ।

(५) यस दफा वमोजिम नगर सेवाका कर्मचारी समायोजन गर्दा कायम हुने तलव निजले साविकमा खाइपाई आएको तलव भन्दा कम नहुने गरी ग्रेड थप गरी तलव मिलान गरिनेछ ।

(६) उपदफा (१) बमोजिम समायोजन स्वीकार गर्ने कर्मचारीहरुले समायोजनबाट कायम हुने तहका निम्ति तोकिएको तलबमान र सुबिधाहरु प्राप्त गर्ने छन् । गणना हुने जेष्ठताको आधार लिई समायोजन हुनु पूर्व अवधिको तलब तथा भत्ताहरु दाबी गर्न पाइने छैन ।

४. **समायोजन पत्र दिने:** (१) यस ऐन बमोजिम समायोजन भए पश्चात नगर सेवाका कर्मचारीहरुलाई प्रमुख प्रशासकीय अधिकृतले समायोजन भएको पत्र दिनुपर्ने छ ।

(२) उपदफा (१) वमोजिम दिइने पत्र अनुसूची-१ बमोजिमको ढाँचामा हुनेछ ।

५. **पदस्थापन गरिने:** यस ऐन बमोजिम समायोजन भए पश्चात नगरपालिकाले स्वीकृत गरेको संगठन संरचना र दरवन्दी पुनरावलोकन निर्धारण गरे बमोजिम मिल्दो सेवा समूहको पदमा प्रमुख प्रशासकीय अधिकृतबाट पदस्थापन गरिनेछ ।

६. **समायोजन भएका कर्मचारीहरुको सेवा सुविधा:** यो ऐन बमोजिम समायोजन भएका नगर सेवाका कर्मचारीहरुको तलव तथा अन्य सेवा सुविधा स्थानीय कानूनले तोके बमोजिम हुनेछ ।

७. **पुल दरवन्दी सम्वन्धी व्यवस्था:** दफा ३ वमोजिम समायोजन भएका नगर सेवाका कर्मचारीहरुलाई समायोजन पश्चात पदस्थापन गर्नु अघि स्वत: पुल दरवन्दीमा कायम भएको मानिने छ । यसरी समायोजन भइ पुल दरवन्दीमा कायम भएका कर्मचारीलाई पदस्थापन गर्नु पूर्बको यथास्थानमा कामकाज गर्न बाधा पुगेको मानिने छैन ।

८. **जेष्ठताको गणना:** (१) यस ऐन बमोजिम समायोजन हुने कर्मचारीहरुको जेष्ठता समायोजन संघीय समायोजन ऐन, २०७५ ले तोके अनुसार मिति २०७५/०९/११ गते देखि गणना गरिने छ ।

(२) उपदफा (१) बमोजिम जेष्ठता गणना भएतापनि समायोजन पश्चातको पद बमोजिमको सेवा सुबिधा भने यो ऐन जारी भए पश्चात मात्र लागु हुनेछ ।

९. **आवश्यक व्यवस्था मिलाउने:** यो ऐन कार्यान्वयन गर्ने क्रममा कुनै कठिनाई उत्पन्न भएमा कार्यपालिकाले यो ऐनको प्रतिकूल नहुने गरी आवश्यक व्यवस्था मिलाउन सक्नेछ ।

अनुसूची १

दफा ४ को उपदफा (२) सँग सम्वन्धित

## समायोजन पत्र

**पत्र संख्याः**

**चलानी नं.:**

मितिः ....................

श्री ...................

.........................

कर्मचारी संकेत नम्बर ।

**विषयः– समायोजन गरिएको सम्वन्धमा ।**

कर्मचारी समायोजन ऐन, २०७५ र दक्षिणकाली नगरपालिका कर्मचारी समायोजन ऐन, २०७८ बमोजिम .................................. देखि जेष्ठता गणना हुने गरी तपाईलाई दक्षिणकाली नगरपालिकाको तपसिल बमोजिमको पद तथा तहमा समायोजन गरिएको छ ।

आफुलाई तोकिएको जिम्मेवारी प्रचलित कानुनको अधिनमा रही इमान्दारितापूर्वक सम्पादन गर्नु हुनेछ भन्ने अपेक्षा गरिएको छ ।

समायोजन हुनु भएकोमा बधाई छ ।

| साविकको विवरण | समायोजन पछिको विवरण |
|---|---|
| पदः<br>तहः<br>सेवाः<br>समुहः | पदः<br>तहः<br>सेवाः<br>समुहः |

...............................

प्रमुख प्रशासकीय अधिकृत

**वोधार्थः**

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार ।
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, बागमती प्रदेश, हेटौडा ।
श्री प्रदेश लोकसेवा आयोग, हेटौडा ।
श्री कर्मचारी संचय कोष, ठमेल ।
श्री नागरिक लगानी कोष, नयाँबानेश्वर ।
श्री आर्थिक प्रशासन शाखा, दक्षिणकाली नगरपालिका ।

प्रमाणीकरण मिति २०७८/..../....

प्रमाणीकरणः २०७८ असार ११ गते

मूल्य रू. २०/-

आज्ञाले

तुलसी बहादुर श्रेष्ठ

प्रमुख प्रशासकीय अधिकृत